मिति २०७२/५/१० गते बसेको नेपाल कृषि अनुसन्धान परिषद्, कार्यकारी समितिको
२४२ औं बैठकको निर्णयहरु

प्रस्तावहरु :

१. परपूर्ति समितिको कार्यविधि, २०६१ संशोधन गर्ने ।
२. वरिष्ठ वैज्ञानिक एस–४ पद तहका श्री यज्ञराज भट्टको राजीनामा स्वीकृत सम्बन्धमा ।
३. वैज्ञानिक एस–१ पद तहका श्री संकर्षण गौतमको राजीनामा स्वीकृत सम्बन्धमा ।
४. प्राविधिक अधिकृत टि–६ पद तहका श्री बिमला पौडेलको राजीनामा स्वीकृत सम्बन्धमा ।
५. प्राविधिक अधिकृत टि–६ पद तहका श्री निराजन भण्डारीको राजीनामा स्वीकृत सम्बन्धमा ।
६. विविध

निर्णयहरु :

निर्णय नं.१. नेपाल कृषि अनुसन्धान परिषद्, परपूर्ति समितिले नेपाल कृषि अनुसन्धान परिषद् कर्मचारी प्रशासन विनियम, २०४९ को विनियम १८क(१)(छ) बमोजिम स्वीकृत गरी अनुमोदनको लागि पेश भएको देहाय बमोजिमको "नेपाल कृषि अनुसन्धान परिषद्, परपूर्ति समितिको (छैठौं संशोधन) कार्यविधि, २०७२" अनुमोदन गर्ने ।

तपसिल

नेपाल कृषि अनुसन्धान परिषद्
परपूर्ति समितिको
(छैठौं संशोधन) कार्यविधि, २०७२

प्रस्तावना: नेपाल कृषि अनुसन्धान परिषद्, परपूर्ति समितिको कार्यविधि, २०६१ मा संशोधन गर्न वाञ्छनीय भएकोले,
नेपाल कृषि अनुसन्धान परिषद्, कर्मचारी प्रशासन विनियम, २०४९ को विनियम १८क. ले दिएको अधिकार प्रयोग गरी परपूर्ति समितिले देहायको कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "नेपाल कृषि अनुसन्धान परिषद्, परपूर्ति समितिको छैठौं संशोधन) कार्यविधि, २०७२" रहेको छ ।

(२) यो संशोधित कार्यविधि परपूर्ति समितिबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. परपूर्ति समितिको कार्यविधिको दफा ४८ मा संशोधन: परपूर्ति समितिको कार्यविधि, २०६१ को दफा ४८ को सट्टा देहाय बमोजिम दफा ४८ राखिएको छ:-

प्रश्न–पत्र निर्माणको पारिश्रमिक

| सि. नं | कोरा प्रश्नपत्र निर्माण | प्रस्तावित रु. | |
|---|---|---|---|
| १ | विषयगत पूर्णाङ्क ८० देखि १०० सम्मको | ३०००। | अंग्रेजी र नेपाली दुवै भाषामा प्रश्नपत्र निर्माण गर्दा तोकिएको पारिश्रमिकमा ५० प्रतिशत थप गरि दिइनेछ । |
| २ | विषयगत पूर्णाङ्क ५० देखि ८० सम्मको | २५००। | |
| ३ | विषयगत पूर्णाङ्क ५० भन्दा कम | २२५०। | |
| ४ | समस्या समाधान | ३७५०। | |
| ५ | सामुहिक छलफल | १५००। | |
| ६ | वस्तुगत बहुउत्तर प्रति प्रश्न | ६०। | |
| ७ | IQ | १२५। | |
| ८ | सहायक स्तर (रा.प.अनं.) वस्तुगत बहुउत्तर प्रति प्रश्न | ८०। | |
| ९ | कोरा प्रश्नपत्र निर्माण कार्यमा (दक्ष/विज्ञ मनोनयन, प्याकेट निर्माण, दक्ष/विज्ञलाई बुझाउने, सम्पर्क गर्ने लगायत) संलग्न अधिकृत (रा.प.) कर्मचारीलाई प्रति प्याकेट रु.४०। र सहायकस्तर (रा.प.अनं.) कर्मचारीलाई रु.३०। अतिरिक्त पारिश्रमिक सुविधा दिने । | | |

द्रष्टव्य: (१) तोकिएको समयभन्दा एक दिन अगावै प्रश्न निर्माण गरी ल्याउने प्रश्न निर्माणकर्तालाई २० प्रतिशत थप दिने ।
(२) तोकिएको दिनभन्दा पछि प्राप्त हुने प्रश्न अस्वीकार पनि गर्न सकिनेछ ।
(३) वस्तुगत प्रश्नको उत्तर नपठाउने प्रश्नकर्ताको नाम दक्षको सूचीबाट हटाइनेछ ।

३. प्रश्नपत्र समितिको कार्यविधिको दफा ४९ मा संशोधन: प्रश्नपत्र समितिको कार्यविधि, २०६१ को दफा ४९ को सट्टा देहाय बमोजिम दफा ४९ राखिएको छ:-

प्रश्न-पत्र मोडरेशन:

सबै पद र तहका प्रश्न-पत्रको मोडरेशन गर्दा वस्तुगत र उत्तर संलग्न गर्नु पर्ने विषयगत प्रश्नका हकमा प्रश्न निर्माणको पारिश्रमिकको ६०% र उत्तर संलग्न गर्नु नपर्ने विषयगत र वस्तुगत प्रश्नको हकमा प्रश्न निर्माणको पारिश्रमिकको ५०% का दरले तयार भएको प्रति सेट प्रश्न-पत्रको हिसाबले प्रत्येक प्रश्न परिमार्जनकर्ता (मोडरेटर) लाई पारिश्रमिक दिइनेछ । वस्तुगत बहुउत्तर प्रश्नको र छोटो उत्तर दिने प्रश्नको उत्तर पनि मोडरेशन गरी उत्तर अनिवार्य रुपमा तयार गर्ने । प्रश्न निर्माताबाट प्राप्त मोडरेशनमा प्रयोग भएका प्रश्नहरु प्रत्येक पद र विषय छुट्याई सुरक्षासाथ प्रश्न बैंकमा राख्नु पर्नेछ ।

मोडरेशन गर्दा कुनै प्रश्नको स्तर नमिल्दो वा अपुग वा उत्तर संलग्न गर्नुपर्नेमा नगरी पठाएको पाइएमा त्यस्तो प्रश्न निर्माताको संकेत उल्लेख गरी प्रश्न परिमार्जनकर्ता (मोडरेटर) ले प्रश्नपत्र समिति समक्ष प्रतिवेदन दिने र त्यस्तो प्रश्न निर्माताको नाम प्रश्न निर्माण गर्ने वालाको नामावलीबाट हटाउने । प्रश्न परिमार्जन गर्दा आवश्यक प्रश्नको सेट संख्या नपुग हुने अवस्था आई नयाँ प्रश्नको सेट तत्काल निर्माण गर्नु परेमा त्यस्तो प्रश्नको सेट वा इकाई तयार गर्ने परिमार्जनकर्तालाई प्रश्न-पत्र परिमार्जन इकाईबाट प्रश्नपत्र समितिका अध्यक्षज्यूलाई जानकारी गराई प्रश्न-पत्र निर्माणको पुरा सेट वा प्रति इकाईको पारिश्रमिक दिइनेछ ।

४. प्रश्नपत्र समितिको कार्यविधिको दफा ४९ मा थप: प्रश्नपत्र समितिको कार्यविधि, २०६१ को दफा ४९ पछि देहाय बमोजिम दफा ४९क राखिएको छ:-

प्रश्नपत्र परिमार्जन कार्यमा संलग्न हुने कर्मचारीलाई दिइने अतिरिक्त पारिश्रमिक सुविधा

| विवरण | प्रस्तावित व्यवस्था | | |
|---|---|---|---|
| | परिमार्जनमा संलग्न हुने अधिकृत कर्मचारीलाई | टाइपकर्ता लाई | का.स.लाई |
| वस्तुगत प्रश्न मात्र भएका प्रश्नपत्र र वस्तुगत तथा विषयगत दुवै किसिमका प्रश्न भएको प्रश्नको प्रति सेट | २००। | १५०। | १००। |
| विषयगत प्रश्नमात्र भएका प्रश्नको प्रति सेट | १००। | ७५। | ५०। |

सार्वजनिक बिदाका दिनमा कार्य गरेकोमा पचास प्रतिशत रकम थप गरि पारिश्रमिक दिने ।

५. प्रश्नपत्र समितिको कार्यविधिको दफा ५० मा संशोधन: प्रश्नपत्र समितिको कार्यविधि, २०६१ को दफा ५० को सट्टा देहाय बमोजिम दफा ५० राखिएको छ:-

परीक्षा संचालन:

परीक्षा संचालन गर्दा परीक्षामा संलग्न कर्मचारीलाई निम्न बमोजिम पारिश्रमिक दिइनेछ ।

लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा

| सि.नं. | पद | १ सप्ताहसम्मको परीक्षा | १ सप्ताह भन्दा बढी |
|---|---|---|---|
| १ | परीक्षा सुपरिवेक्षक | १०००। | १८००। |
| २ | परीक्षा नियन्त्रक | १०००। | १४००। |
| ३ | केन्द्राध्यक्ष | ९००। | १२००। |
| ४ | उप-केन्द्राध्यक्ष | ७५०। | १०५०। |
| ५ | सहायक केन्द्राध्यक्ष | ६००। | ८००। |
| ६ | निरीक्षक | ४००। | ५५०। |
| ७ | स्थायी परिचर | ३५०। | ३५०। |
| ८ | ड्राइभर, तह विहिन प्राविधिक एवं प्रशासन सहयोगी | ४००। | ५००। |
| ९ | व्यवस्था सहायक (समन्वयकर्ता) | ६००। | ८००। |

द्रष्टव्य: एस.१, टी.३, ए.६ र सोभन्दा माथिल्लो स्तरका परीक्षा संचालन गर्ने केन्द्राध्यक्षलाई परीक्षा नियन्त्रक सरह पारिश्रमिक दिइनेछ ।

पदपूर्ति समितिको मिति २०७३।७२ गतेको निर्णयानुसार पदपूर्ति समितिको कार्यविधि २०६१मा संशोधन

,पदपूर्ति समितिको कार्यविधि २०६१ को दफा २२ को (ख) र (ग) मा तपसिल बमोजिम संशोधन गरिएको छ ।

प्राविधिक समूह

| पद | तह | लिखित परीक्षा | प्रयोगात्मक | शैक्षिक योग्यता | अन्तर्वार्ता | | | अनुसंधान खुबि | अनुभव | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | विषय सम्बन्धी ज्ञान र सिप | पदको कार्य विवरण | व्यक्तित्व | | | | |
| वरिष्ठ अधिकृत | T-6 | १०० | | १० | २० | १० | १० | | | १५० | ७५ |
| वरिष्ठ निरीक्षक | T-5 | १०० | | १० | २० | १० | १० | | | १५० | ७५ |
| निरीक्षक | T-5 | १०० | | १० | २० | १० | १० | | | १५० | ७५ |
| कम्प्युटर सहायक | T-5 | ५० | ५० | १० | २० | १० | १० | | | १५० | ७५ |
| ...क्निसियन | T-5 | ५० | ५० | १० | २० | १० | १० | | | १५० | ७५ |
| ...ज्वर | T-5 | ५० | ५० | १० | २० | १० | १० | | | १५० | ७५ |
| ...निक्स | T-5 | ५० | ५० | १० | २० | १० | १० | | | १५० | ७५ |
| नक्साकार<br>नापक | T-5 | १०० | | १० | २० | १० | १० | | | १५०<br>१५० | ७५<br>७५ |
| .ज्ञा.स. | T-4 | १०० | | १० | २० | १० | १० | | | १५० | ७५ |
| सर्वेयर | T-4 | | ५० | १० | २० | १० | १० | | | १०० | ५० |
| ...सहायक | T-3 | | ५० | | २५ | १५ | १० | | | १०० | ५० |
| ...न्सम्यान | T-2 | | ५० | | २५ | १५ | १० | | | १०० | ५० |
| विधि सहयोगी | | १०० | | | १० | ५ | ५ | | | १२० | ६० |

प्रशासन/लेखा समूह

| पद | तह | लिखित परीक्षा | प्रयोगात्मक | शैक्षिक योग्यता | अन्तर्वार्ता | | | तालिम | अनुभव | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | विषय सम्बन्धी ज्ञान र सीप | पदको कार्य विवरण | व्यक्तित्व | | | | |
| प्र. से. अधिकृत | A-7 | १०० | | १० | २० | १० | १० | | | १५० | ७५ |
| से.अधिकृत | A-6 | १०० | | १० | २० | १० | १० | | | १५० | ७५ |
| व्रि प्र.सहायक | A-5 | १०० | | १० | २० | १० | १० | | | १५० | ७५ |
| ...नुन सहायक | A-5 | १०० | | १० | २० | १० | १० | | | १५० | ७५ |
| ...ापाल | A-5 | १०० | | १० | २० | १० | १० | | | १५० | ७५ |
| सिनियर<br>कम्प्युटर अपरेटर | A-5 | ५० | ५० | १० | २० | १० | १० | | | १५०<br>१५० | ७५<br>७५ |
| जुनियर<br>कम्प्युटर अपरेटर | A-4 | ५० | ५० | १० | २० | १० | १० | | | १५० | ७५ |
| ...शासन सहायक | A-4 | १०० | | १० | २० | १० | १० | | | १५० | ७५ |
| लेखापाल इ.४ | A-4 | १०० | | १० | २० | १० | १० | | | | |
| ...सिष्ट<br>कम्प्युटर अपरेटर | A-3 | ५० | ५० | १० | २० | १० | ५ | | | १५०<br>१५० | ७५<br>७५ |
| ...ी हेभि ड्राइभर | A-5 | | ५० | | २५ | १५ | ५ | | | १०० | ५० |
| ...का ड्राइभर | A-4 | | ५० | | २५ | १५ | ५ | | | १०० | ५० |

द्रष्टव्यः १ एस.एल.सी.भन्दा तलको शैक्षिक योग्यता, अनुभव, तालिम आदि न्यूनतम शैक्षिक योग्यता तोकिएकोमा शैक्षिक योग्यता वापतको अङ्क दिइने छैन ।

२ विज्ञापित सरकारी आई पदमा पूर्णाङ्क उत्तीर्णाङ्क र लिखित प्रयोगात्मक परीक्षाको सम्बन्धमा पदपूर्ति समितिले कारण खुलाई आवश्यक हेरफेर गर्न सक्नेछ ।

३ लिखित परीक्षामा ५० प्रतिशत अंक प्राप्त गरेका उम्मेदवारलाई मात्र अन्तरवार्तामा सहभागी गराइनेछ ।

पदपूर्ति समितिको कार्यविधि, २०६१ को अनुसूची तालिकामा खुल्ला प्रतिस्पर्धाबाट कर्मचारी नियुक्ति गर्दा अनुभव वापतको अंक प्रदान गर्ने व्यवस्था गरिएको भएतापनि खुल्ला प्रतिस्पर्धाबाट कर्मचारी नियुक्ति गर्दा अनुभव वापतको अंक प्रदान गरिने छैन ।

प्रबन्ध, पुनर्योगका लागि परीक्षा केन्द्र सम्बन्धित तयारी गर्ने लगायतका केन्द्राध्यक्ष र समन्वयकर्तालाई कार्यालयमै गार्नु उपलब्ध गराएमा काठमाडौं उपत्यका भित्र केन्द्राध्यक्ष र समन्वयकर्तालाई अतिरिक्त रु.३००। दिइनेछ ।

सार्वजनिक बिदाका दिनमा परीक्षा संचालन भएमा उक्त दरमा थप ५० प्रतिशत रकम पारिश्रमिक दिइनेछ र कार्यालय समय बाहेक परीक्षा भएमा २५ प्रतिशत रकम थप गरि पारिश्रमिक दिइनेछ ।

परीक्षा पुनर्योजनाको तोक्ने निर्णय सामान्यतया पदपूर्ति समितिका अध्यक्षबाट हुनेछ । दुई सय भन्दा बढी परीक्षा केन्द्र भएमा एकजना परीक्षा नियन्त्रक राख्न सकिने छ ।

परीक्षा हलको सेवा शुल्क:
१ वस्तुगतको परीक्षाको लागि प्रति विद्यार्थी रु.८
२ घण्टा भन्दा बढी समयको परीक्षाको लागि रु.१०।

२. <u>पदपूर्ति समितिको कार्यविधिको दफा ५१ मा संशोधन:</u> पदपूर्ति समितिको कार्यविधि, २०६१ को दफा ५१ को सट्टा देहाय बमोजिम दफा ५१ राखिएको छ:-

प्रयोगात्मक परीक्षा:
अधिकृतस्तर (राजपत्राङ्कित) पदका लागि न्यूनतम रु.७५०। र एक भन्दा बढी सिफ्टको परीक्षा लिनु परेमा प्रति सिफ्ट रु.३००। दर ले थप रकम दिने । यसरी पारिश्रमिक दिदा एक दिनमा अधिकतम रु.१२५०। सम्म पारिश्रमिक दिने । सहायकस्तर (राजपत्र अनंकित) पदका लागि न्यूनतम रु.५५०। र एक भन्दा बढी सिफ्टको परीक्षा लिनु परेमा प्रति सिफ्ट रु.२५०। दरले थप दिने । यसरी पारिश्रमिक दिदा एक दिनमा अधिकतम रु.१०५०। सम्म पारिश्रमिक दिने । प्रयोगात्मक परीक्षा स्थलमै अंक प्रदान गरेकोमा त्यस्तो रकमलाई उक्त रकममा थप २५ प्रतिशत दिने ।

सवारी चालक पदको प्रतियोगितात्मक परीक्षा लिने हकलाई रु.१०००। पारिश्रमिक दिने ।

प्रयोगात्मक परीक्षा सम्बन्धी कार्यमा संलग्न कर्मचारीहरु मध्ये अधिकृतस्तरका कर्मचारीलाई रु. ३५०। तथा सहायकस्तरलाई १५०। का दरले भत्ता उपलब्ध गराइनेछ र एक भन्दा बढी सिफ्टको परीक्षा लिनु परेमा प्रति सिफ्ट अधिकृतस्तरका कर्मचारीलाई रु. २००। र सहायकस्तर कर्मचारीलाई रु. १००। का दरले थप रकम दिइनेछ ।

सार्वजनिक बिदाको दिन प्रयोगात्मक परीक्षा लिनु परेमा थप ५० प्रतिशत भत्ता दिइनेछ ।

३. <u>पदपूर्ति समितिको कार्यविधिको दफा ५२ मा संशोधन:</u> पदपूर्ति समितिको कार्यविधि, २०६१ को दफा ५२ को सट्टा देहाय बमोजिम दफा ५२ राखिएको छ:-

उत्तर पुस्तिका परीक्षण:
(क) विषयगत उत्तर पुस्तिका परीक्षण गरे बापत निम्न बमोजिम पारिश्रमिक दिइनेछ ।

| सि.नं. | पद/तह | पूर्णाङ्क (सम्म) | प्रतिउत्तर पुस्तिका | | १५ वटा भन्दा कम उ.पु. भएमा |
|---|---|---|---|---|---|
| | | | खुला | बढुवा | |
| १ | वरिष्ठ वैज्ञानिक एस.३, एस.४, प्रशासन तथा लेखा समूह ए.८, ए.९ र प्राविधिक अधिकृत समूह टि.८ | ५० देखि १०० सम्म | रु.८५। | रु.७५। | रु.१२००। |
| २ | वैज्ञानिक, एस.१, एस.२, प्रशासन तथा लेखा समूह ए.६,ए.७ र प्राविधिक अधिकृत समूह टि.६, टि.७ | | रु.८०। | रु.७०। | रु.११००। |
| ३ | प्राविधिक समूह टि.४, टि.५ प्रशासन तथा लेखा समूह ए.३,ए.४, ए.५ | ५० देखि १०० सम्म | रु.७०। | रु.६०। | रु.१०००। |

(ख) छैठौं संशोधन द्वारा खारेज

विज्ञापनका सम्बन्धमा भित्र परीक्षण गरी उ.पु. जुकाउन दक्ष विज्ञलाई दिइने पारिश्रमिकमा २० प्रतिशत रकम थप दिइने छ ।

घ.पदपूर्ति समितिमा दक्ष विज्ञ बोलाई पदपूर्ति समितिको कार्यालयमार्फत उत्तर पुस्तिका परीक्षण गराइएमा प्रतिदिन प्रति व्यक्ति रु. २००।-का दरले खाजा खाना भत्ता वा सोही बमोजिमको खाजा उपलब्ध गराइनेछ ।

८. <u>पदपूर्ति समितिको कार्यविधिको दफा ४३ मा संशोधन:</u> पदपूर्ति समितिको कार्यविधि, २०६१ को दफा ४३ को सट्टा देहाय बमोजिम दफा ४३ राखिएको छ:-

अन्तरवार्ता पाठ्यक्रम निर्माण एवं स्तर निर्धारण आदि:

क.पाँच जनासम्मको अन्तर्वार्ता लिदा अन्तर्वार्ता समितिमा रहने दक्ष तथा अन्तर्वार्ता समितिको अध्यक्ष तथा सदस्यका रुपमा रहने पदपूर्ति समितिका वा अन्यत्रका अधिकृतलाई निम्न बमोजिम पारिश्रमिक दिने, अधिकृतस्तर (राजपत्रांकित तृतीय श्रेणी) को सामूहिक छलफलमा भने दक्ष र पदपूर्ति समितिका पदाधिकारी तथा अधिकृतलाई पनि सोहि बमोजिम पारिश्रमिक दिने । ५ जनाभन्दा बढी उम्मेदवार भएमा सोभन्दा बढी २५ प्रतिशत थपका दरले पारिश्रमिक दिने ।

अन्तरवार्ता लिने समितिका सदस्यहरु र दक्ष विज्ञहरुलाई प्रति सिटिङ्ग अन्तरवार्ता लिए बापत निम्नानुसारको पारिश्रमिक प्रदान गरिनेछ ।

| सि.नं | पद | अन्तरवार्ता हुने पद/तह | अन्तरवार्ता लिने सदैको पारिश्रमिक रकम |
|---|---|---|---|
| १ | मुख्य वैज्ञानिक | एस.५ र सो भन्दा माथि | २२००। |
| २ | वरिष्ठ वैज्ञानिक, वरिष्ठ प्राविधिक र वरिष्ठ प्रशासन लेखा अधिकृत (राजपत्रांकित) | एस.४, एस.३, टि.८, ए.७ र ए.८ | २५००। |
| ३ | वैज्ञानिक, वरिष्ठ प्राविधिक र प्रशासन लेखा अधिकृत (राजपत्रांकित) | एस.१, एस.२, टि.७, ए.७, टि.६ र ए.६ | २०००। |
| ४ | सहायकस्तर (रा.प.अन.) र श्रेणी विहिन | टि. ३, टि.४, ए.५, ए.४ र तह विहीन | १२००। |

ख) अन्तरवार्ता, प्रश्नपत्र मोडरेशन, शैक्षिक योग्यताको समकक्षता निर्धारण, पाठ्यक्रम निर्धारण, सामूहिक छलफल सञ्चालन आदि विभिन्न कार्यहरुमा संलग्न सहयोगी कर्मचारीहरुलाई निम्नानुसारको पारिश्रमिक दिइनेछ ।

| सि.नं. | पद | प्रति सिटिङ्ग |
|---|---|---|
| १ | अधिकृत स्तर | रु.४५०। |
| २ | सहायक स्तर | रु.३५०। |
| ३ | तहविहिन कर्मचारी | रु.२००। |

द्रष्टव्य: १। सार्वजनिक बिदाको दिनमा कार्य गरेकोमा थप ५० प्रतिशत रकम पारिश्रमिक दिइनेछ ।
२।समितिको नियमित कार्यहरु बिहान र बेलुकी समितिको कार्यालयमा आई गर्नु पर्ने कामहरुका लागि समेत बैठकको आधारमा पारिश्रमिक दिइनेछ ।
३।अन्तर्वार्ता समिति र सामूहिक छलफलको हकमा खाजा खर्चको लागि अन्तरवार्ता समितिलाई रु.६००। मा नबढ्ने गरी खाजा खर्च व्यवस्था गर्ने अन्यको लागि रु.४००। मा नबढ्ने गरी खाजा व्यवस्था गर्ने र एक भन्दा बढी सिफ्ट भएमा प्रति सिफ्ट रु. २००। का दरले व्यवस्था गर्ने ।
४। काठमाडौं उपत्यका भित्र सञ्चालन हुने अन्तर्वार्तामा उपस्थित हुने दक्ष विज्ञलाई यातायात खर्च रु. ६००। र क्षेत्रीय कृषि अनुसन्धान केन्द्र र कृषि अनुसन्धान केन्द्रमा उपस्थित हुने दक्ष विज्ञलाई जिल्लाबाट बोलाउनु परेमा सरकारी नियमानुसार दैनिक भ्रमण भत्ता दिने सोही जिल्लाको भए रु.३००। परिवहन खर्च दिने ।

(ग) शैक्षिक उपाधिको समकक्षता तथा श्रेणि निर्धारण गर्ने तथा शैक्षिक योग्यता निर्धारण गर्ने पदपूर्ति समितिलाई आवश्यक संख्या मार निर्धारण उपसमिति गठन गर्ने र त्यस समितिका पदाधिकारी तथा भाग लिने दक्ष/विज्ञ तथा अधिकृत कर्मचारी र विभागिय प्रतिनिधिलाई रु.1000। पारिश्रमिक दिइनेछ ।

(घ) पाठ्यक्रम निर्माण बैठकमा भाग लिने दक्ष र प्रतिनिधिलाई जुन श्रेणीको पाठ्यक्रम निर्माण वा परिमार्जन गर्नु पर्ने हो, त्यस श्रेणीको अन्तर्वार्तामा दिइने पारिश्रमिक बराबरको रकम पारिश्रमिक दिने ।

(ङ) पाठ्यक्रमको मस्यौदा तयार गर्ने दक्षलाई निम्न बमोजिम पारिश्रमिक दिइनेछ ।

| सि.नं. | पद/तह | रकम |
|---|---|---|
| १ | मुख्य वैज्ञानिक, वरिष्ठ वैज्ञानिक, वैज्ञानिक, वरिष्ठ प्राविधिक अधिकृत टि.८, वरिष्ठ प्रशासकीय अधिकृत/लेखा अधिकृत ए.८, वरिष्ठ प्राविधिक अधिकृत टि.७, वरिष्ठ प्रशासकीय अधिकृत/लेखा अधिकृत ए.७, प्राविधिक अधिकृत टि.६ र प्रशासन/लेखा अधिकृत ए.६ | ३५००। |
| २ | टि.४, टि.५ र ए.४, ए.५ ए. ३, टि.३ , टि.२, टि.१, ए | ६०००। |

द्रष्टव्य: छैठौं संशोधनले खारेज गरिएको ।

(च) शैक्षिक योग्यता निर्धारण, शैक्षिक उपाधी र तालिमको समकक्षता निर्धारण, पाठ्यक्रम निर्माण तथा परिमार्जन सम्बन्धी बैठकको आयोजना एवं संचालन र ती कार्यहरूसंग सम्बन्धित महत्वपूर्ण कार्यमा खटिने सम्बन्धित महाशाखा/शाखा/इकाइका कर्मचारीहरूलाई दिइने पारिश्रमिक प्रकरण ५४.१को(क) बमोजिमको रकम दिइनेछ ।

९. पदपूर्ति समितिको कार्यविधिको दफा ५४ मा संशोधन: पदपूर्ति समितिको कार्यविधि, २०६१ को दफा ५४ को सट्टा देहाय बमोजिम दफा ५४ राखिएको छ:-

प्रश्नपत्र छपाई:

तोकिएको परीक्षा कार्यक्रम अनुसार परीक्षा संचालन गर्न आवश्यक पर्ने प्रश्नपत्र छपाई गर्न खटाइने र खटिने कर्मचारीहरूलाई कार्यबोझको आधारमा देहाय बमोजिमको अतिरिक्त पारिश्रमिक सुविधा प्रदान गरिनेछ ।

| कामना संलग्न कर्मचारीको श्रेणी | (क) कार्यालय समय भित्र काम गर्दा | (ख) बिहाने देखि कार्यालय समय पछि बेलुका सम्म काम गर्दा | (ग) अघिल्लो दिनको कार्यालय समय देखि रात सम्पूर्ण गरी काम गर्दा |
|---|---|---|---|
| पदपूर्ति समितिका पदाधिकारी र मुख्य वैज्ञानिक | ५००। | ८५०। | १३५०। |
| वरिष्ठ वैज्ञानिक, वरिष्ठ प्राविधिक अधिकृत टि.८, वरिष्ठ प्रशासकीय अधिकृत/लेखा अधिकृत ए.८ | ५००। | ८५०। | १३५०। |
| वैज्ञानिक, वरिष्ठ प्राविधिक अधिकृत टि.७, वरिष्ठ प्रशासकीय अधिकृत/लेखा अधिकृत ए.७ र अधिकृतस्तर | ४५०। | ७५०। | १२००। |
| सहायकस्तर | ३५०। | ६५०। | ११००। |
| निम्नस्तर/परिचर | २५०। | ५५०। | ८५०। |

सार्वजनिक बिदाका दिनमा कार्य गरेकोमा थप ५० प्रतिशत रकम पारिश्रमिक दिइनेछ ।

१०. पदपूर्ति समितिको कार्यविधिको दफा ५५ मा संशोधन: पदपूर्ति समितिको कार्यविधि, २०६१ को दफा ५५ को सट्टा देहाय बमोजिम दफा ५५ राखिएको छ:-

वस्तुगत उत्तरपत्र परीक्षण र कोडिङ डिकोडिङ:

(क) वस्तुगत उत्तरपत्र परीक्षण कार्यालयमा गर्दा निम्न बमोजिम प्रतिउत्तर पुस्तिकाका दरले खाजा खर्च दिइनेछ।

| क.सं | विवरण | चेक | रिचेक | अन्तिम चेक |
|---|---|---|---|---|
| १ | ३५प्रश्नसम्मको उत्तरपत्र | ६। | ६। | ६। |
| २ | ५०प्रश्नसम्मको उत्तरपत्र | १०। | १०। | १०। |

यसरी कार्यालयमा वस्तुगत उत्तरपत्र परीक्षण गराउदा धेरै गल्ती गर्नेलाई वा ठुलो गल्ती गर्नेलाई सचेत गराउने, केही समयको लागि परीक्षण गर्न नदिने, सधैंका लागि परीक्षण गर्न नदिने व्यवस्था पदपूर्ति

समितिले गर्ने । आवश्यक परे समितिको लागि परिषद् समक्ष लेख्ने । कार्यान्वयमा कम्तिमा २०० थान वस्तुगत उत्तरपुस्तिका चेक, रिचेक र अन्तिम चेक तथा रुजु गर्दा सुपरिवेक्षण गर्ने अधिकृतलाई रु. ४००।- का दरले पारिश्रमिक दिइनेछ ।

(ख) उत्तरपुस्तिका कोडिङ

| विवरण | एकल परीक्षा भएमा | संयुक्त परीक्षा भएमा |
|---|---|---|
| प्रथम कोड नं कायम गरेको (प्रति उत्तरपुस्तिका) | रु.३०० | रु.४०० |
| दोस्रो कोड नं कायम गरेको (प्रति उत्तरपुस्तिका) | रु.१५० | रु.३०० |

न्युनतम संख्यामा जति पुगे पनि ५० वटा उत्तर कोड कायम गर्दा पाउने पारिश्रमिक सरह दिने ।

११. <u>पदपूर्ति समितिको कार्यविधिको दफा ४६ मा संशोधन:</u> पदपूर्ति समितिको कार्यविधि, २०६१ को दफा ४६ को सट्टा देहाय बमोजिम दफा ४६ राखिएको छ:-

विषयगत उत्तरपुस्तिकाको प्राप्ताङ्क रुजु:
विषयगत र छोटो उत्तर हुने उत्तरपुस्तिकाको प्राप्ताङ्क रुजु गर्दा प्रति उत्तरपुस्तिकाको देहाय बमोजिम खाजा खर्च दिइनेछ ।

| विषयगत उत्तरपुस्तिका रुजु (प्रति उत्तरपुस्तिका) | |
|---|---|
| १ मात्र प्रश्न भएको | १।०० |
| १ देखि ५ वटा प्रश्न भएको | १।५० |
| ५ भन्दा बढी प्रश्न भएको | २।०० |

१२. <u>पदपूर्ति समितिको कार्यविधिको दफा ४८ मा संशोधन:</u> पदपूर्ति समितिको कार्यविधि, २०६१ को दफा ४८ को सट्टा देहाय बमोजिम दफा ४८ राखिएको छ:-

लिखित परीक्षाको नतिजा प्रकाशन, सिफारिश र योग्यताक्रम प्रकाशन:
लिखित परीक्षा नतिजा प्रकाशन र योग्यताक्रम प्रकाशनको काममा खटिने कर्मचारीलाई निम्नबमोजिम खाना खर्च, खाजा खर्च दिइनेछ ।
(क) कार्यालय समयभित्र काम गर्दा खाजा खर्च जनही रु.५०। का दरले दिइनेछ ।
(ख)

| कामना संलग्न कर्मचारीको श्रेणी | (क) बिहान देखि कार्यालय समय पछि बेलुका सम्म काम गर्दा | (ख) अघिल्लो दिनको कार्यालय समय देखि रात बस्नुपर्ने गरी काम गर्दा |
|---|---|---|
| पदपूर्ति समितिका पदाधिकारी र मुख्य वैज्ञानिक | ५००। | ८००। |
| वरिष्ठ वैज्ञानिक, वरिष्ठ प्राविधिक अधिकृत टि.८, वरिष्ठ प्रशासकीय अधिकृत/लेखा अधिकृत ए.८ | ४००। | ६५०। |
| वैज्ञानिक, वरिष्ठ प्राविधिक अधिकृत टि.७, वरिष्ठ प्रशासकीय अधिकृत/लेखा अधिकृत ए.७ र अधिकृतस्तर | ३००। | ४५०। |
| सहायकस्तर | २००। | ३००। |
| निम्नस्तर/परिचर | १००। | २००। |

(ग) सार्वजनिक बिदाको दिनमा काम गरेमा उल्लेखित पारिश्रमिकमा थप ५० प्रतिशत रकम दिइनेछ ।

१३. <u>पदपूर्ति समितिको कार्यविधिको दफा ६१ मा संशोधन:</u> पदपूर्ति समितिको कार्यविधि, २०६१ को दफा ६१ को सट्टा देहाय बमोजिम दफा ६१ राखिएको छ:-
पदपूर्ति समितिको बैठक बस्दा अध्यक्ष, सदस्यहरू तथा आमन्त्रितहरूलाई प्रति बैठक नेपाल कृषि अनुसन्धान परिषद्, कार्यकारी समितिको २०७१/३/२२ को निर्णयानुसार (खर्चको मापदण्ड) सम्बन्धी निर्णय तथा कार्यविधि, २०७१ बमोजिम पारिश्रमिक तथा खाजा खर्च दिइनेछ र सहयोगीको रूपमा कार्य

गर्ने अधिकृतहरुलाई रु. ७००। सहायकस्तरलाई रु. ३००। र ड्राइभर, पियनस्तरलाई रु. २००। पारिश्रमिक तथा खाजा खर्च दिइनेछ ।

१४. <u>पदपूर्ति समितिको कार्यविधिको दफा ६२ मा संशोधन:</u> पदपूर्ति समितिको कार्यविधि, २०६१ को दफा ६२ को सट्टा देहाय बमोजिम दफा ६२ राखिएको छ:-

उपत्यका बाहिरको स्वदेशी तथा विदेशी विशेषज्ञको लागि यातायात र बसोबासको खर्च:
पदपूर्ति समितिको लागि काठमाण्डौ बाहिर स्वदेश वा विदेशबाट विशेषज्ञ झिकाउन आवश्यक भएमा आमन्त्रित विशेषज्ञको लागि उपयुक्त होटलको व्यवस्था गराइनेछ । यस्ता आमन्त्रित विशेषज्ञको आवतजावत यातायात खर्च, हवाई उडान खर्च, हवाई उडान कर, विमानस्थल कर, ट्याक्सी खर्च, होटल बसोबास बापत रु. २०००। र अन्य दैनिक खर्च प्रतिदिन रु. २०००। समेत दैनिक रु. ४०००। सम्म विदेशी विशेषज्ञलाई दिइनेछ । स्वदेशी काठमाण्डौ बाहिरका विशेषज्ञलाई बोलाएमा दैनिक खर्च रु. १५००। मात्र दिइनेछ ।-

१५. <u>मुल कार्यविधिको दफा ६३(१) पछि थप गर्ने:</u> मुल कार्यविधिको दफा ६३(१) पछि दफा ६३(२) थप गर्ने : परीक्षासंग सम्बन्धित गोप्य कामको लागि दक्ष/विज्ञसंग सम्पर्क गर्न साँझ बिहान टेलिफोन गर्नुपर्ने भएको अवस्थामा त्यस्तो सम्पर्क गर्ने कर्मचारीलाई पदपूर्ति समितिको सदस्य-सचिवको आदेशानुसार मासिक रु.१०००।०० संचार खर्च उपलब्ध गराउने ।

१६. <u>मुल कार्यविधिको दफा ६३(२) पछि थप गर्ने:</u> मुल कार्यविधिको दफा ६३(२) पछि दफा ६३(३) थप गर्ने : परीक्षाको समयमा खटिजाने केन्द्रीय प्रतिनिधिलाई प्रश्नपत्रको छपाईको काममा संलग्न हुदा निजले श्रेणी अनुसारको प्रश्नपत्र छपाईको पारिश्रमिक पाउने । यसरी खटिने प्रतिनिधिले परीक्षा संचालनको काममा सुपरीवेक्षक, नियन्त्रक, केन्द्राध्यक्ष, उपकेन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष वा निरीक्षकमध्ये जुन हैसियतले काम गर्छ सोही अनुसार तोकिएको दरले पारिश्रमिक दिने । यदि खटिई जाने प्रतिनिधिलाई उल्लेखित कुनै काममा नलगाईएमा अधिकृतस्तरको कर्मचारी भए केन्द्राध्यक्ष सरह र अन्यको हकमा उप-केन्द्राध्यक्ष सरहको पारिश्रमिक दिने ।

निर्णय नं. २. परिषद्का वरिष्ठ वैज्ञानिक एस–४ पद/तहका श्री मदनराज भट्टले मिति २०७२ भाद्र १ गते देखि लागु हुनेगरी पेश गर्नु भएको राजिनामा परिषद्को कर्मचारी प्रशासन विनियम, २०४९ को विनियम ६०(१) बमोजिम मिति २०७२ भाद्र १ गतेबाट लागु हुनेगरी स्वीकृत गर्ने ।

निर्णय नं. ३. परिषद्का वैज्ञानिक एस–१ पद/तहका श्री गोकर्ण गौतमले मिति २०७२ श्रावण १ गते देखि लागु हुनेगरी पेश गर्नु भएको राजीनामा परिषद्को कर्मचारी प्रशासन विनियम २०४९ को विनियम ६०(१) बमोजिम मिति २०७२ श्रावण १ गतेबाट लागु हुनेगरी स्वीकृत गर्ने ।

निर्णय नं. ४. परिषद्का प्राविधिक अधिकृत टि–६ पद/तहका श्री बिपना पौडेलले मिति २०७१ माघ ४ गते देखि लागु हुनेगरी पेश गर्नु भएको राजीनामा परिषद्को कर्मचारी प्रशासन विनियम २०४९ को विनियम ६०(१) बमोजिम मिति २०७१ माघ ४ गतेबाट लागु हुनेगरी स्वीकृत गर्ने ।

निर्णय नं. ५. परिषद्का प्राविधिक अधिकृत टि–६ पद/तहका श्री निराजन भण्डारीले मिति २०७१ असार १५ गते देखि लागु हुनेगरी पेश गर्नु भएको राजीनामा परिषद्को कर्मचारी प्रशासन विनियम २०४९ को विनियम ६०(१) बमोजिम मिति २०७१ असार १५ गतेबाट लागु हुनेगरी स्वीकृत गर्ने ।

निर्णय नं. ६ (क) परिषद्बाट मनोनयन भई विद्यावारिधि (PhD) अध्ययन गर्न जाने कर्मचारीहरुलाई छात्रवृत्ति बापत अधिकतम ३ वर्षसम्म मासिक रु. ६०००/०० उपलब्ध गराउने ।

(ख) भर्टिकल बढुवा सम्बन्धमा डा. मन्न गजाधर खड्का, डा. कृष्ण प्रसाद पौड्याल र डा. चेतराज उप्रेतीले पेश गरेको उजुरी सम्बन्धमा कृषि विकास मन्त्रालयको कानुन शाखाको राय लिई अर्को बैठकमा पेश गर्ने ।

कार्यकारी समितिको २०७३।७।२३ को २४७ औं बैठकबाट स्वीकृत

नेपाल सरकार

नेपाल कृषि अनुसन्धान परिषद्

पदपूर्ति समितिको

# पारिश्रमिक दररेट सम्बन्धी कार्यविधि, २०७३

प्रस्तावना: नेपालको संविधान २०७२ को व्यवस्था अनुसार नेपाल सरकार र नेपाल सरकारको ५० प्रतिशत भन्दा बढि स्वामित्व भएका संगठित संघ संस्थाहरुको पदपूर्ति सम्बन्धी काम कारवाही लोक सेवा आयोग मार्फत गर्नुपर्ने कानूनी प्रावधान रहेको र पदपूर्ति सम्बन्धी कार्यहरुको लागि लोकसेवा आयोगको पारिश्रमिक दररेट २०७२ अनुसार नेपाल कृषि अनुसन्धान परिषद् पदपूर्ति समितिको पारिश्रमिक दररेट सम्बन्धी कार्यविधि बनाउन वाञ्छनिय भएकोले लोक सेवा आयोग पारिश्रमिक दररेट २०७२ लाई आधार मानि नेपाल कृषि अनुसन्धान परिषद् कार्यसंचालन विनियम, २०४९ को विनियम ३ (छ) मा भएको "परिषद्मा कार्यरत कर्मचारीहरुको मनोवल र क्षमता वृद्धि गर्न आवश्यक तलबमान, भत्ता तथा अन्य सुविधाको व्यवस्था गर्ने" भन्ने व्यवस्था भए अनुसार देहाय अनुसार "नेपाल कृषि अनुसन्धान परिषद्, पदपूर्ति समितिको पारिश्रमिक दररेट सम्बन्धी कार्यविधि, २०७३" बनाइएको छ ।

१ संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "नेपाल कृषि अनुसन्धान परिषद्, पदपूर्ति समितिको पारिश्रमिक दररेट सम्बन्धी कार्यविधि, २०७३ रहेको छ ।

(२) यो कार्यविधि मिति २०७३।७।२२ गतेबाट लागु हुनेछ ।

२. प्रश्न-पत्र निर्माण: परिषद्का विभिन्न पद/तहका प्रश्नपत्र निर्माणका लागि निम्न बमोजिम पारिश्रमिक दिइनेछ ।

| सि.नं | कोरा प्रश्नपत्र निर्माण | प्रस्तावित रु. | |
|---|---|---|---|
| १ | विषयगत पूर्णाङ्क १०० सम्मको | ४५००।०० | अंग्रेजी र नेपाली दुवै भाषामा प्रश्नपत्र निर्माण गर्दा तोकिएको पारिश्रमिकमा ५० प्रतिशत थप गरि दिइनेछ । |
| २ | विषयगत पूर्णाङ्क ५० सम्मको | ३०००।०० | |
| ३ | विषयगत पूर्णाङ्क ५० भन्दा कम | २२५०।०० | |
| ४ | समस्या समाधानको विषयगत/वस्तुगत दुवैको प्रश्नपत्र बनाएबापत एकमुष्ट | २५००।०० | |
| ५ | सामूहिक छलफल/समस्या समाधान प्रश्न निर्माण बापत | १५००।०० | |
| ६ | I.Q प्रश्नपत्र प्रति प्रश्न | १६०।०० | |
| ७ | वस्तुगत बहुउत्तर प्रति प्रश्न (वैज्ञानिक र अधिकृतस्तर) | १५०।०० | |
| ८ | वस्तुगत बहुउत्तर प्रति प्रश्न (सहायकस्तर र अन्य) | १००।०० | |
| ७ | I.Q प्रश्नपत्र प्रति प्रश्न | १६०।०० | |
| ९ | कोरा प्रश्नपत्र निर्माण कार्यमा दक्ष/विज्ञ मनोनयन गराउने, प्रश्नपत्र तयार गर्ने कामका लागि प्रति शिलबन्दीका खामका आधारमा प्रोत्साहन रु.२०।०० र दक्ष/विज्ञलाई बुझाउन जाने र सम्पर्क गर्ने कर्मचारीलाई प्रति प्याकेट रु.२०।०० दिने । | | |

द्रष्टव्य: (१) तोकिएको समयभन्दा एक दिन अगावै प्रश्न निर्माण गरी ल्याउने प्रश्न निर्माणकर्तालाई २० प्रतिशत थप दिने ।

(२) तोकिएको दिनभन्दा पछि प्राप्त हुने प्रश्न अस्वीकार पनि गर्न सकिनेछ ।

(३) वस्तुगत प्रश्नको उत्तर नपठाउने प्रश्नकर्ताको नाम दक्षको सूचीबाट हटाईनेछ ।

३. प्रश्न-पत्र मोडरेशन: सबै पद र तहका प्रश्न-पत्रको मोडरेशन गर्दा वस्तुगत र उत्तर संलग्न गर्नु नपर्ने विषयगत प्रश्नका हकमा प्रश्न निर्माणको पारिश्रमिकको ४० प्रतिशत र उत्तर संलग्न गर्नुपर्ने विषयगत र वस्तुगत प्रश्नको हकमा प्रश्न निर्माणको पारिश्रमिकको ५० प्रतिशत का दरले तयार भएको प्रति सेट

नेपाल कृषि अनुसन्धान परिषद्
कृषि अनुसन्धान भवन
सिंहदरबार प्लाजा, रामशाहपथ
दर्ता नं.
दर्ता मिति.

मिति: २०७३।७।२२

श्रीमान् कार्यकारी निर्देशकज्यू,
नेपाल कृषि अनुसन्धान परिषद्, सिंहदरबारप्लाजा, काठमाण्डौ ।

विषय: <u>दररेट सम्बन्धी कार्यविधि तयार गरी पेश गरेको बारे</u> ।

परिषद्को मिति २०७३।७।१२ को निर्णय तथा मिति २०७३।७।१८ को च.नं. ५७ को पत्रानुसार परिषद्को पदपूर्ति सम्बन्धी कार्यहरु संपन्न गर्दा ती कार्यहरुमा संलग्न भएका कर्मचारीहरुलाई पारिश्रमिक उपलब्ध सबै कार्यहरुमा परिषद्को स्वीकृत दररेट नहुँदा रकम भुक्तानीमा समस्या पर्ने भएकोले लोकसेवा आयोगको दररेटलाई आधार मानि नेपाल कृषि अनुसन्धान परिषद्को पदपूर्ति समिति, पारिश्रमिक दररेट सम्बन्धी कार्यविधि, २०७३ को मस्यौदा बनाई पेश गर्न मेरो संयोजकत्वमा कमिटि गठन गरिएकोमा निर्णयानुसार "नेपाल कृषि अनुसन्धान परिषद्को पदपूर्ति समिति, पारिश्रमिक दररेट सम्बन्धी कार्यविधि, २०७३" को मस्यौदा तयार गरी कमिटिका सबै सदस्यहरुको हस्ताक्षर सहित यसैसाथ पेश गरेको व्यहोरा अनुरोध छ ।

..................................
(डा. रामचन्द्र अधिकारी)
कमिटि संयोजक तथा निर्देशक, प्रशासन

प्रश्न-पत्रको हिसावले प्रत्येक प्रश्न परिमार्जनकर्ता (मोडरेटर) लाई पारिश्रमिक दिइनेछ । वस्तुगत बहुउत्तर प्रश्नको र छोटो उत्तर दिने प्रश्नको उत्तर पनि मोडरेशन गरी उत्तर अनिवार्य रूपमा तयार गर्ने । प्रश्न निर्माताबाट प्राप्त मोडरेसनमा प्रयोग भएका प्रश्नहरू समेत पद र विषय खुलाई सुरक्षासाथ प्रश्न बैंकमा राख्नु पर्नेछ ।

मोडरेशन गर्दा कुनै प्रश्नको स्तर नसुहाउँदो वा अपुरो वा उत्तर संलग्न गर्नुपर्नेमा नगरी पठाएको पाइएमा त्यस्तो प्रश्न निर्माताको संकेत उल्लेख गरी प्रश्न परिमार्जनकर्ता (मोडरेटर) ले पदपूर्ति समिति समक्ष प्रतिवेदन दिने र त्यस्तो प्रश्न निर्माताको नाम प्रश्न निर्माण गर्ने दक्षको नामावलीबाट हटाउने । प्रश्न परिमार्जन गर्दा आवश्यक प्रश्नको सेट संख्या नपुग हुने अवस्था आई नयाँ प्रश्नको सेट तत्काल निर्माण गर्नु परेमा त्यस्तो प्रश्नको सेट वा इकाई तयार गर्ने परिमार्जनकर्तालाई प्रश्न-पत्र परिमार्जन इकाईबाटै पदपूर्ति समितिका अध्यक्षज्यूलाई जानकारी गराई प्रश्न-पत्र निर्माणको पुरा सेट वा प्रति इकाईको पारिश्रमिक दिइनेछ ।

४. <u>परीक्षा संचालन:</u> परीक्षा संचालन गर्दा परीक्षामा संलग्न कर्मचारीलाई निम्न बमोजिम पारिश्रमिक दिइनेछ।

४.१ लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा

| सि.नं. | पद | १ घण्टासम्मको परीक्षा | १ घण्टा भन्दा बढी |
|---|---|---|---|
| | | १०००। | १४००। |
| १ | परीक्षा सुपरिवेक्षक | १०००। | १४००। |
| २ | परीक्षा नियन्त्रक | ९००। | १२००। |
| ३ | केन्द्राध्यक्ष | ७५०। | १०५०। |
| ४ | उप-केन्द्राध्यक्ष | ६००। | ८००। |
| ५ | सहायक केन्द्राध्यक्ष | ६००। | ८००। |
| ६ | समन्वय कर्ता | ४००। | ५५०। |
| ६ | निरीक्षक | २५०। | ३५०। |
| ७ | ज्यामी/परिचर | ४००। | ५००। |
| ८ | ड्राइभर/तह विहिन प्राविधिक एवं प्रशासन सहयोगी | | |

४.२ सार्वजनिक विदाका दिनमा परीक्षा रहेको खण्डमा उक्त दरमा थप ५० प्रतिशत रकम पारिश्रमिक दिइनेछ र कार्यालय समय बाहेक परीक्षा भएमा २५ प्रतिशत रकम थप गरि पारिश्रमिक दिइनेछ ।

४.३ प्रश्नपत्र, उत्तरपुस्तिका लगायतका परीक्षा संग सम्बन्धित सामाग्री लाने ल्याउने केन्द्राध्यक्ष र समन्वयकर्तालाई कार्यालयले गाडी उपलब्ध नगराएमाकाठमाडौं उपत्यका भित्र केन्द्राध्यक्ष र समन्वयकर्तालाई आतेजाते रू.६००। दिइनेछ ।

४.४ परीक्षा सुपरीवेक्षक तोक्ने निर्णय सामान्यतया पदपुर्ति समितिका अध्यक्षबाट हुनेछ । दुई वा सो भन्दा बढी परीक्षा केन्द्र भएमा एकजना परीक्षा नियन्त्रक राख्न सकिने छ ।

४.५ परीक्षा हलको सेवा शुल्क:

१ घण्टासम्मको परीक्षाको लागि प्रति विद्यार्थी रू.८/
१ घण्टा भन्दा बढी समयको परीक्षाकोलागि रू.१०/

५. <u>प्रयोगात्मक परीक्षा:</u>

५.१ प्रयोगात्मक परीक्षा लिंदा सवारी चालक बाहेक अन्य पदका लागि दक्ष बोलाइएको अवस्थामा न्यूनतम रू.७५०। र एक भन्दा बढी सिफ्टको परीक्षा लिनु परेमा प्रति सिफ्ट रू.३००। दर ले थप रकम दिने । यसरी पारिश्रमिक दिंदा एक दिनमा अधिकतम रू.१३५०/ सम्म पारीश्रमिक दिने । सवारी चालक पदका लागि न्यूनतम रू.१०००।०० र एक भन्दा बढी सिफ्टको परीक्षा लिनु परेमा प्रति सिफ्ट रू.३००। दरले थप दिने । प्रयोगात्मक परीक्षा स्थलमै अंक प्रदान गरेकोमा त्यस्तो दक्षलाई उक्त रकममा थप २५ प्रतिशत दिने ।

५.२ अन्तरवार्ता लिंदा नै प्रयोगात्मक परीक्षा लिने दक्षलाई पदरतह अनुसारको अन्तवार्ता दक्षलाई तोकिएको पारिश्रमिक नै दिने ।

५.३ प्रयोगात्मक परीक्षा सम्बन्धी कार्यमा संलग्न कर्मचारीहरू मध्ये अधिकृतस्तरका कर्मचारीलाई रू. ३५०। तथा सहायकस्तरलाई १५०। का दरले भत्ता उपलब्ध गराइनेछ र एक भन्दा बढी सिफ्टको परीक्षा लिनु परेमा प्रति सिफ्ट अधिकृतस्तरका कर्मचारीलाई रू. २००। र सहायकस्तर कर्मचारीलाई रू. १००। का दरले थप रकम दिइनेछ ।

५.४ सार्वजनिक बिदाको दिन प्रयोगात्मक परीक्षा लिनु पर्दा थप ५० प्रतिशत भत्ता दिइनेछ ।

६. <u>उत्तर पुस्तिका परीक्षण:</u>

६.१ विषयगत उत्तर पुस्तिका परीक्षण गरे बापत निम्न बमोजिम पारिश्रमिक दिइनेछ ।

| सि.नं. | पद/तह | पूर्णाङ्क (सम्म) | रकम | १५ वटा भन्दा कम उ.पु.भएमा |
|---|---|---|---|---|
| १ | वरिष्ठ वैज्ञानिक एस.३, एस.४, प्रशासन तथा लेखा समुह ए.८, ए.९ र प्राविधिक अधिकृत समुह टि.८ र स- भन्दा माथि | ५० देखि १०० सम्म | रू.१००। | रू.१२५०। |
| २ | वैज्ञानिक, एस.१, एस.२, प्रशासन तथा लेखा समुह ए.६,ए.७ र प्राविधिक अधिकृत समुह टि.६, टि.७ | | रू.९०। | रू.१०००। |
| ३ | प्राविधिक समुह टि.४, टि.५ प्रशासन तथा लेखा समुह ए.३,ए.४, ए.५ | ४० देखि १०० सम्म | रू.७५। | रू.९००। |

६.१.१ तोकिएको समयावधि भित्र परीक्षण गरी उ.पु. बुझाउने दक्ष/विज्ञलाई दिईने पारिश्रमिकमा २० प्रतिशत रकम थप दिइने छ ।

६.१.२ पदपूर्ति समितिमा/आयोगमा दक्ष/विज्ञ बोलाई पदपूर्ति समितिको कार्यालयमानै उत्तर पुस्तिका परीक्षण गराइएमा प्रतिदिन प्रति व्यक्ति रु. १००(सय) खाजा/खाना भत्ता वा सोही बमोजिमको खाजा उपलब्ध गराइनेछ ।

६.१.३ उत्तरपुस्तिका परीक्षण गर्न सम्बन्धित दक्षविशेषज्ञलाई पोका बुझाउंदा प्रति पोकाको लागि पारिश्रमिक रु. १००।०० दिने ।

६.२ वस्तुगत उत्तरपुस्तिका परीक्षण: वस्तुगत उत्तरपत्र परीक्षण कार्यालयमा गर्दा निम्न बमोजिम प्रतिउत्तर पुस्तिकाका दरले पारिश्रमिक दिइनेछ ।

| विवरण | चेक | रिचेक | अन्तिम चेक |
|---|---|---|---|
| २५प्रश्नसम्मको उत्तरपत्र | रू.४।०० | रू.४।०० | रू.४।०० |
| ५०प्रश्नसम्मको उत्तरपत्र | रू.६।०० | रू.६।०० | रू.६।०० |
| १००प्रश्नसम्मको उत्तरपत्र | रू.८।०० | रू.८।०० | रू.८।०० |

यसरी कार्यालयमा वस्तुगत उत्तरपत्र परीक्षण गराउँदा धेरै गल्ती गर्नेलाई वा ठुलो गल्ती गर्नेलाई सचेत गराउने, केही समयको लागि परीक्षण गर्न नदिने, सधैंका लागि परीक्षण गर्न नदिने व्यवस्था पदपूर्ति समितिले गर्ने । आवश्यक परे नाससहतको लागि कार्यकारी समिति समक्ष लेखि पठाउने । कार्यालयमा कम्तिमा २०० थान वस्तुगत उत्तरपुस्तिका चेक, रिचेक र अन्तिम चेक तथा रूजु गर्दा सुपरिवेक्षण गर्ने अधिकृतलाई रू. ४००। का दरले पारिश्रमिक दिइनेछ ।

७. <u>QMR प्रविधिबाट उत्तरपुस्तिका परीक्षण:</u>

७.१ उत्तरपुस्तिका परीक्षण गरेवापतको तपसिल अनुसारको पारिश्रमिक दिइनेछ:

| क्र.सं. | क्रियाकलाप | पारिश्रमिक |
|---|---|---|
| १ | उत्तरपुस्तिका संकलन तथा उत्तरपुस्तिका रुजु, उत्तरखण्ड र विवरण खण्ड छुट्याई भिन्ना भिन्नै शिलबन्दी गर्ने | प्रति उत्तरपुस्तिका रु. २।०० का दरले उपलब्ध गराउने |
| २ | उत्तर खण्डको Processing and Documentation | प्रति उत्तरपुस्तिका रु. ७।७५ का दरले उपलब्ध गराउने |
| ३ | विवरण खण्डको Processing | प्रति उत्तरपुस्तिका रु. ३।०० का दरले उपलब्ध गराउने |

७.२ विषयगत उत्तरपुस्तिकाको प्राप्ताङ्क रुजु: उत्तर पुस्तिका रुजु गरेवापत प्रति उत्तर पुस्तिका रु. १।०० का दरले पारिश्रमिक दिने ।

७.३ नतिजा टेबुलेशन: लिखित परीक्षाको नतिजाको प्राप्ताङ्क टेबुलेशन गरेवापत प्रति डाटा रु. ०।५० पारिश्रमिक दिने ।

७.४ खाना खाजा खर्च: बिहान बेलुका कार्यालयमा काम गर्नुपर्दा र राती समेत बसेर काम गर्दा देहाय बमोजिम खाना खाजा रकम दिने (सदस्य सचिव/कार्यालय प्रमुखले प्रमाणित गरेपछि पाउने) ।

(क) बिहान ७ बजेदेखि उपस्थित भई काम गर्नुपर्दा रु. १५०।००

(ख) बिहान ७ बजेदेखि नै उपस्थित भइ काम गरी राती समेत बस्नुपर्ने भएमा रु. ३७५।००

८. <u>अन्तरवार्ता:</u>

८.१ पाँच जनासम्मको अन्तर्वार्ता लिदा अन्तर्वार्ता समितिमा रहने दक्ष तथा अन्तर्वार्ता समितिको अध्यक्ष तथा सदस्यका रूपमा रहने पदपूर्ति समितिका वा अन्यत्रका अधिकृतलाई निम्न बमोजिम पारिश्रमिक दिने, अधिकृतस्तर (राजपत्राङ्कित तृतीय श्रेणी) को सामुहिक छलफलमा बस्ने दक्ष र पदपूर्ति समितिका पदाधिकारी तथा अधिकृतलाई पनि सोहि बमोजिम पारिश्रमिक दिने । ५ जनाभन्दा बढी उम्मेदवार भएमा तोकिएको दरमा २५ प्रतिशत थपका दरले पारिश्रमिक दिने ।

| सि.नं | पद | अन्तरवार्ता हुने पद/तह | अन्तरवार्ता लिने सबैको पारिश्रमिक रकम |
|---|---|---|---|
| १ | मुख्य वैज्ञानिक | एस.५ र सो भन्दा माथि | २५००। |
| २ | वरिष्ठ वैज्ञानिक, वरिष्ठ प्राविधिक र वरिष्ठ प्रशासन/लेखा अधिकृत | एस.४, एस.३, टि.८, ए.९ र ए.८ | २५००। |
| ३ | वैज्ञानिक, वरिष्ठ/प्राविधिक अधिकृत र वरिष्ठ/प्रशासन लेखा अधिकृत | एस.१, एस.२, टि.७, ए.७, टि.६ र ए.६ | २०००। |
| ४ | सहायकस्तर, प्रशासन प्राविधिक सहयोगी | टि. ४, टि.५, ए.४, ए.५ र तह विहीन | १२००। |

८.२ अन्तरवार्ता सम्बन्धी कार्यमा सहयोग पुर्याउने अधिकृत कर्मचारीहरूलाई प्रतिसिफ्ट रू. ७००।०० सहायकस्तरका कर्मचारीलाई ५००।०० र सहयोगीलाई ३००।०० पारिश्रमिक दिने । अन्तर्वार्ता समिति र सामुहिक छलफलको हकमा खाजा खर्चको लागि अन्तरवार्ता समितिलाई रू.६००। मा नबढ्ने गरी खाजा खर्च व्यवस्था गर्ने अन्यको लागि रू४००। मा नबढ्ने गरी खाजा व्यवस्था गर्ने र एक भन्दा बढी सिफ्ट भएमा प्रति सिफ्ट रू. २००। का दरले व्यवस्था गर्ने ।

८.३ काठमाडौं उपत्यका भित्र संचालन हुने अन्तर्वार्तामा उपस्थित हुने दक्ष/विज्ञलाई परिवहन खर्च रू. ~~६००। र क्षेत्रीय कृषि अनुसन्धान केन्द्र र कृषि अनुसन्धान केन्द्रमा उपस्थित हुने दक्ष/विज्ञलाई~~ जिल्लाबाट बोलाउनु परेमा सरकारी नियमानुसार दैनिक भ्रमण भत्ता दिने सोही जिल्लाको भए रू.३००। परिवहन खर्च दिने ।

८.४ सार्वजनिक बिदाको दिनमा कार्य गरेकोमा थप ५० प्रतिशत रकम पारिश्रमिक दिइनेछ ।

९. <u>पाठ्यक्रम निर्माण, परिमार्जन र शैक्षिक योग्यता सम्बन्धी:</u>

९.१ शैक्षिक उपाधिको समकक्षता तथा श्रेणि निर्धारण गर्ने तथा शैक्षिक योग्यता निर्धारण गर्ने पदपूर्ति समितिलाई आवश्यक परेमा स्तर निर्धारण उपसमिति गठन गर्ने र त्यस समितिका पदाधिकारी तथा भाग लिने दक्ष/विज्ञ तथा अधिकृत कर्मचारी र विभागिय प्रतिनिधिलाई रू.१५००।०० पारिश्रमिक दिइनेछ ।

९.२ पाठ्यक्रम निर्माण बैठकमा भाग लिने दक्ष र प्रतिनिधिलाई जुन श्रेणीको पाठ्यक्रम निर्माण वा परिमार्जन गर्नु पर्ने हो, त्यस श्रेणीको अन्तर्वार्तामा दिइने पारिश्रमिक बराबरको रकम पारिश्रमिक दिने ।

९.३ पाठ्यक्रमको मस्यौदा तयार गर्ने दक्षलाई निम्न बमोजिम पारिश्रमिक दिइनेछ ।

| सि.नं. | पद/तह | रकम |
|---|---|---|
| १ | मुख्य वैज्ञानिक, वरिष्ठ वैज्ञानिक, वैज्ञानिक, वरिष्ठ प्राविधिक अधिकृत टि.८, वरिष्ठ प्रशासकीय अधिकृत/लेखा अधिकृत ए.८, वरिष्ठ प्राविधिक अधिकृत टि.७, वरिष्ठ प्रशासकीय अधिकृत/लेखा अधिकृत ए.७, प्राविधिक अधिकृत टि.६ र प्रशासन/लेखा अधिकृत ए.६ | ७५००। |
| २ | टि.४, टि.५ र ए.४, ए.५ ए. ३, टि.३, , टि.२, सहायकस्तर | ६०००। |

९.४ शैक्षिक योग्यता/उपाधि सम्बन्धी बैठक र पाठ्यक्रम निर्माण परिमार्जन बैठकमा भाग लिने अधिकृत कर्मचारीलाई सो बैठकमा भाग लिए बापत रू. ८००।०० बैठक भत्ता बापत दिने ।

९.५ पाठ्यक्रम निर्माणपरिमार्जन कार्य विश्लेषण, परीक्षण लगायतका काममा गरिने सर्वेक्षण अनुसन्धान सम्बन्धी काममा संलग्न राजपत्र अनंकित स्तरका कर्मचारीलाई डाटा इन्ट्री गरी विवरण तयार गरे बापत प्रति डाटा रू. २।०० का दरले पारिश्रमिक दिने ।

१०. <u>प्रश्नपत्र मोडेरेशन:</u>

१०.१ प्रश्नपत्र मोडेरेशनमा संलग्न हुने कर्मचारीलाई निम्न बमोजिमको पारिश्रमिक दिइनेछ ।

| विवरण | परिमार्जनमा संलग्न हुने अधिकृत कर्मचारीलाई | टाइपगर्ने कर्मचारीलाई | सहयोगीलाई |
|---|---|---|---|
| वस्तुगत प्रश्न मात्र भएका प्रश्नपत्र र वस्तुगत तथा विषयगत दुवै किसिमका प्रश्न भएको प्रश्नको प्रतिसेट | रू. २००।०० | रू. १५०।०० | रू. १००।०० |
| विषयगत प्रश्नमात्र भएका प्रश्नको प्रतिसेट | रू. १००।०० | रू. ७५।०० | रू. ५०।०० |

कार्यालय बिदा भएको दिनमा काम गरेमा खाना खर्च बापत रू. ३७५।०० थप रकम समेत पारिश्रमिक दिइनेछ ।

१०.२ उत्तरकुञ्जिका (Anser Key) तयार पार्ने/खटिने कर्मचारीहरूलाई दिइने पारिश्रमिक (प्रति कर्मचारी प्रति सेट)

| प्रश्न संख्या | रकम |
|---|---|
| २५ वटासम्म | रू. ५० |
| ५० वटासम्म | रू. ८० |
| १०० वटासम्म | रू. १२० |

यसरी तयार भएको उत्तरकुञ्जिका (Anser Key) यकिन गर्ने कार्यमा संलग्न दक्ष/विज्ञहरूलाई ~~ओटा प्रश्नपत्र निर्माण बापतको ५० प्रतिशत पारिश्रमिक दिने ।~~

११. <u>अतिरिक्त पारिश्रमिक तथा अन्य:</u>

११.१ प्रश्न पत्र निर्माण, परिमार्जन, लिखित परीक्षा तयारी, लिखित परीक्षा नतिजा तयारी, लिखित परिक्षा नतिजा प्रकाशन, कृति मुल्यांकन, वढुवाको अंक गणना, का.स.मु., अन्तिम नतिजा प्रकाशन तथा सिफारिश, प्रश्नपत्र छपाई गर्ने, छपाई भएको प्रश्नपत्र परीक्षा केन्द्रमा पठाउने तयारी गर्ने कार्यहरूमा संलग्न हुने कर्मचारीहरूलाई देहाय बमोजिमको प्रोत्साहन भत्ता दिने ।

| कामसा संलग्न कर्मचारीको पद/तह | (क) कार्यालय समय भित्र काम गर्दा | (ख) बिहानै देखि कार्यालय समय पछि बेलुका सम्म काम गर्दा | (ग) अघिल्लो दिनको कार्यालय समय देखि रात बस्नुपर्ने गरी काम गर्दा |
|---|---|---|---|
| पदपुर्ति समितिका पदाधिकारी र मुख्य वैज्ञानिक, वरिष्ठ वैज्ञानिक, वरिष्ठ प्राविधिक अधिकृत टि.८, वरिष्ठ प्रशासकीय अधिकृत/लेखा अधिकृत ए.८ वा सोभन्दा माथि | ५००।०० | ८५०।०० | १३५०।०० |
| वैज्ञानिक, प्राविधिक अधिकृत, प्रशासन तथा लेखा अधिकृत | ४५०।०० | ७५०।०० | १२००।०० |
| प्रशासन, प्राविधिक सहायकस्तर | ४००।०० | ६००।०० | १०००।०० |
| प्रशासन/प्राविधिक सहयोगी, सवारी चालक | २५०।०० | ५००।०० | ८००।०० |

११.१.१ माथि (ख) बमोजिम काम गर्दा दफा ७.४ (क) बमोजिमको खाना तथा खाजा खर्च समेत दिने ।
माथि (ख) बमोजिम काम गर्दा दफा ७.४ (ख) बमोजिमको खाना तथा खाजा खर्च समेत दिने ।

११.१.२ माथि (ख) तथा (ग) बमोजिमका काम सार्वजनिक बिदाका दिनमा गरेमा सो दिनको ५० प्रतिशत थप दिने ।

११.१.३ प्रश्नपत्र छपाईएका काम गर्दा तोकिए बोजिमका कर्मचारीहरू तथा तोकिएका शाखाहरू बाहेक माथि (ख) र (गाँ बमोजिम काम गर्नुपर्दा पदपुर्ति समितिको सदस्य सचिव वा कार्यालय प्रमुखबाट स्वीकृत लिईमात्र गर्नुपर्दछ ।

११.१.४ यस परिच्छेद अनुसार जतिसुकै समय अवधि अतिरिक्त काम गरेपनि ११.१ (क), (ख) र (ग) मध्ये सबै वा कुनै दुई जोडेर प्रोत्साहन भत्ता लिन पाइने छैन ।

१२. <u>उत्तर पुस्तिका कोडिङ:</u>

| विवरण | एकल परीक्षा भएमा | संयुक्त परीक्षा भएमा |
|---|---|---|
| प्रथम कोड नं कायम गरेको (प्रति उत्तरपुस्तिका) | रू.३।०० | रू.४।०० |
| दोस्रो कोड नं कायम गरेको (प्रति उत्तरपुस्तिका) | रू.१।५० | रू.३।०० |

न्यूनतम संख्यामा जति सुकै भएतापनि ५० वटा उत्तर कोड कायम गर्दा पाउने पारिश्रमिक सरह दिने

१३ <u>दरखास्त फाराम सम्बन्धी कार्य:</u>

१३.१ पदपूर्तिको लागि विज्ञापन र सूचना प्रकाशन भएको अवस्थामा दरखास्त दर्ता, राजस्व संकलन, दरखास्त स्वीकृत एवं प्रवेश पत्र वितरण (विद्युतिय दरखास्त समेत) को काममा संलग्न कर्मचारीलाई रु. २००।०० का दरले उपस्थित दिन बराबरको पारिश्रमिक दिने ।

१३.२ दरखास्त फाराम कम्प्युटर प्रयोगको निमित्त कोडिङ गर्ने कर्मचारीलाई प्रति दरखास्त रु.२।०० का दरले पारिश्रमिक दिने ।

१३.३ दरखास्त फारामको कम्प्युटरमा डाटा इन्ट्रि गरी विवरण तयार गरे बापत प्रति दरखास्त रु.२।०० का दरले पारिश्रमिक दिने ।

१३.४ अघिल्लो विज्ञापनको म्याद छुँदै अर्को विज्ञापन भएमा अघिल्लो विज्ञापनको म्यादसम्म उपस्थित दिनको हिसाबले गर्ने । सोको म्याद सकिएपछि अर्को विज्ञापनको म्यादसम्म उपस्थित दिन गणना गर्ने ।

नोट: उपरोक्तानुसार विज्ञापनको अन्तिम दिनपछिको ७ दिन सम्म स्वीकृत दरखास्त फाराम छुट्‌याउने र नामावली तयार गर्ने प्रयोजनका लागि पनि दिने ।

१४. विविध :

१४.१ परीक्षासंग सम्बन्धित गोप्य कामको लागि दक्ष/विज्ञसंग सम्पर्क गर्न साँझ बिहान टेलिफोन गर्नुपर्ने अवस्था भएकोमा त्यस्तो सम्पर्क गर्ने कर्मचारीलाई पदपूर्ति समितिको सचिवको आदेशानुसार मासिक रु.१०००।०० संचार खर्च उपलब्ध गराउने ।

१४.२ परीक्षाको समयमा खटिने केन्द्रीय प्रतिनिधिलाई प्रश्नपत्रको छपाईको काममा संलग्न हुँदा निजले पद, तह अनुसारको प्रश्नपत्र छपाईको पारिश्रमिक पाउने । यसरी खटिने प्रतिनिधिले परीक्षा संचालनको काममा सुपरीवेक्षक, नियन्त्रक, केन्द्राध्यक्ष, उपकेन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष वा निरीक्षकमध्ये जुन हैसियतले काम गर्छ सोही अनुसार तोकिएको दरले पारिश्रमिक दिने । यदि खटिई जाने प्रतिनिधिलाई उल्लेखित कुनै काममा नलगाईएमा अधिकृतस्तरको कर्मचारी भए केन्द्राध्यक्ष सरह र अन्यको हकमा उपकेन्द्राध्यक्ष सरहको पारिश्रमिक दिने ।

१४.३ विभागिय कारवाही, बढुवा उजुरी छानविन र रिट निवेदनको लिखित जवाफ पठाउने कार्य सम्पन्न गर्नको लागि प्रति विभागिय कारवाही, प्रति बढुवा उजुरी निवेदनको छानविन र प्रति रिटको लिखित जवाफ तयार गर्न प्रति कारवाही देहाय बमोजिमको थप सुविधा प्रदान गर्ने ।

| दर्जा | रकम (रु.) |
|---|---|
| महाशाखा प्रमुख (१ जना) | रु.५५०।०० |
| शाखा प्रमुख वरिष्ठ अधिकृत (१ जना) | रु.४५०।०० |
| अधिकृतस्तर (३ जना) | रु.४००।०० |
| सहायकस्तर (३ जना) | रु.३००।०० |
| कार्यालय सहयोगि/सवारी चालक (३ जना) | रु.२००।०० |

१४.४ पदपूर्ति समितिको कार्यसम्पादनको सिलसिलामा पदपूर्ति समितिको बैठक वा पदपूर्तिसंग सम्बन्धित कार्यमा सहयोगको लागि कुनै दक्ष/विज्ञलाई आमन्त्रण गरिएकोमा दक्ष/विज्ञलाई प्रतिदिन/प्रति बैठक रु.१५०।०० पारिश्रमिक दिने ।

१४.५ अध्ययन अनुसन्धान लगायतका विशेष प्रकृतिका तथा कुनै काम निर्धारित समयभित्रै सम्पन्न गराउनु पर्ने भएमा त्यस्तो काममा संलग्न हुने कर्मचारीलाई आवश्यकता अनुसार सचिवले काममा लगाई ११.१(ख) अनुसारको प्रोत्साहन भत्ता दिने व्यवस्था गर्ने।

१४.६ कार्यसम्पादन मूल्याङ्कन अभिलेख अद्यावधिक तथा अभिलेख व्यवस्थापन गर्ने काममा संलग्न कर्मचारीहरुलाई प्रति का.स.मू. फाराम रु.४।०० दिने ।

१४.७ प्रतिशत निर्धारण र विज्ञापन प्रकाशन:

(क) प्रतिशत निर्धारण गरी विज्ञापन प्रकाशन गर्ने काममा संलग्न कर्मचारीलाई प्रति विज्ञापन अधिकृतस्तरका कर्मचारीलाई रु.३५।००, सहायकस्तर कर्मचारीलाई रु.३०।०० र सहयोगीलाई रु.२०।०० दिने ।

(ख) साथै विज्ञापन प्रकाशन गर्ने तयारीको लागि विज्ञापन प्रकाशन हुने महिनाको ७ दिनको लागि प्रकरण ११.१(ख) बमोजिमको अतिरिक्त पारिश्रमिक दिने । PSRMS बाट हुने कार्यको लागि पनि यसै बमोजिम पारिश्रमिक प्रदान गर्ने ।

(ग) पदपूर्ति समितिसंग सम्बन्धित दस्तावेजहरु विद्युतिय प्रणालीमा अपलोड कार्य गर्ने सम्बन्धित कर्मचारी १ (एक) जनालाई प्रति अपलोड/बुलेटिन रु.३००।०० दिने ।

(घ) पदपूर्ति समितिको वार्षिक प्रतिवेदन तयारीमा संलग्न हुने कर्मचारीहरुलाई ३० दिनको प्रकरण ११.१(ख) बमोजिमको पारिश्रमिक दिने ।

(ङ) पदपूर्ति समितिको विशेष प्रकाशनमा संलग्न हुने कर्मचारीहरुलाई बढीमा ७ दिनको प्रकरण ११.१(ख) बमोजिमको अतिरिक्त पारिश्रमिक दिने ।

(च) गोरखापत्रमा सूचना प्रकाशन गर्ने कार्यमा प्रत्यक्ष खटिने कर्मचारीलाई सूचना प्रकाशन हुने अघिल्लो २ (दुई) दिनको प्रकरण ११.१(ख) बमोजिमको अतिरिक्त पारिश्रमिक दिने ।

१४.८ परीक्षा संचालनका लागि प्रशासनिक तथा आर्थिक व्यवस्थापनमा संलग्न हुने प्रशासन तथा आर्थिक प्रशासन शाखाका कर्मचारीलाई परीक्षा संचालन हुने महिनामा अतिरिक्त समय काम गर्दा ११.१(ख) बमोजिम ७ दिनको पारिश्रमिक दिने ।

१४.९ दर्ता चलानी, मूल टेलिफोन संचालन र पदाधिकारीहरुको सुरक्षामा खटिने कर्मचारीहरुलाई हाजिरी भएको दिनको रु १५०।०० का दरले खाजा भत्ता दिने ।

१४.१० एउटै समयमा एक भन्दा बढी महाशाखा/शाखाहरुमार्फत काम कारबाही सम्पादन गर्ने गराउने, निर्णय एवं जिम्मेवारी लिने, समन्वय र सुपरीवेक्षण गर्ने एवं कामको दौरानमा आइपर्ने समस्याहरु समाधान गर्ने कार्य गर्ने गराउने लोक सेवा आयोगका सचिव, सम्बन्धित कार्यालय प्रमुख, महाशाखा प्रमुख तथा भौतिक, आर्थिक एवं मानवीय स्रोतसाधन व्यवस्थापन गरी निर्णय कार्यान्वयनमा संलग्न हुने कर्मचारीलाई उक्त शाखाबाट तोकिए बमोजिमको पारिश्रमिक सुविधा लिन बाधा नपर्ने ।

१४.११ लिखित परीक्षाको नतिजाको पुनर्योग कार्यमा संलग्न कर्मचारीहरुलाई देहाय बमोजिम पारिश्रमिक दिने ।

| | |
|---|---|
| प्रति विज्ञापन ५ जनासम्म भए | प्रकरण ११.१(ख) बमोजिम १ दिन |
| प्रति विज्ञापन ५ जना भन्दा बढी भए | प्रकरण ११.१(ख) बमोजिम २ दिन |

१४.१२ आयोगको विज्ञापन अनुसार केन्द्रीय कार्यालयमा बढुवा फारामको रुजु गर्ने, नामावली तयार पार्ने लगायतका काम सम्पन्न गरी बढुवा समितिको सचिवालयमा पठाउने कार्यका लागि बढिमा ७ दिनसम्म प्रकरण ११.१(ख) बमोजिमको अतिरिक्त पारिश्रमिक दिने ।

१४.१३ आयोगका शाखाहरुमा सम्पादन हुने कामहरुमा शाखा हेर्ने माननीय अध्यक्ष, सदस्य र सहसचिवका निजी सचिवलाई समेत समावेश गरी काम लगाउने ।

१४.१४ पाठ्यक्रम निर्माण, परिमार्जन, प्रश्नपत्र परिमार्जन, उत्तरपुस्तिका परीक्षण, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता कार्यका लागि आमन्त्रित दक्ष/विज्ञहरुलाई परिवहन खर्च वापत एकमुष्ठ रु.६००।०० दिने । तर, यो सुविधा आयोगका कर्मचारी र नेपाल सरकारबाट परिवहन सुविधा पाउने पदाधिकारी/कर्मचारीलाई उपलब्ध नगराउने ।

१४.१५ वैज्ञानिक तथा प्राविधिक अधिकृत पदका लागि जुनसुकै बढुवा वा खुल्ला प्रतियोगिता प्रयोजनार्थ पेश भएका कृति मुल्याङ्कन कार्य गराउँदा प्रति कृतिको मुल्याङ्कन बापत रु. ५००।०० पारिश्रमिक उपलब्ध गराइनेछ र कृति मुल्याङ्कन कार्यको लागि आते जाते खर्च बापत जतिसुकै संख्यामा कृतिहरु मुल्याकंन गर्न दिएतापनि एकमुष्ट जम्मा रु. ८००।०० ट्याक्सी खर्च बापत उपलब्ध गराइनेछ ।

१५. <u>दस्तुर तथा शुल्क</u>: आयोगबाट विभिन्न कामको सिलसिलामा लिईने दस्तुर, शुल्क आदिलाई निम्न बमोजिम कायम गर्ने ।

१५.१ दरखास्त दस्तुर तथा शुल्क विवरण (सबै बढुवाको लागि समेत)

| तह/श्रेणी | दस्तुर (रु.) |
|---|---|
| मुख्य वैज्ञानिक, एस.५ तथा सो भन्दा माथि | १५००।०० |
| बरिष्ठ वैज्ञानिक एस. ४, मुख्य प्रशासकिय/लेखा अधिकृत ए. ९, मुख्य प्राविधिक अधिकृत टि .९ | १३००।०० |
| बरिष्ठ वैज्ञानिक एस.३, वैज्ञानिक एस. २, बरिष्ठ प्रशासकिय/लेखा अधिकृत ए.७ ए. ८, बरिष्ठ प्राविधिक अधिकृत टि. ७ टि.८ | १२००।०० |
| वैज्ञानिक एस. १, प्रशासकिय/लेखा अधिकृत, प्राविधिक अधिकृत | १०००।०० |

| | |
|---|---|
| प्राविधिक सहायक, सबै टि.५, प्रमुख प्रशासन सहायक/लेखापाल, ए.५ | ४००।०० |
| प्राविधिक सहायक सबै टि.४, प्रशासन सहायक/ सह लेखापाल, ए.४ | ३००।०० |
| प्रशासन प्राविधिक सहयोगी सवारी चालक | २००।०० |

१५.२ आयोगबाट दिइएको प्रवेशपत्र हराएमा फोटोसहित निवेदन दिएमा रु.१००।०० लिई प्रतिलिपी प्रवेशपत्र दिने । एक दिनमात्र परीक्षा हुनेमा वा एकभन्दा बढी दिन परीक्षा हुनेमा परीक्षा हुने दिनको पहिलो दिन प्रवेशपत्र नलिई आएमा रु.१००।०० सहित निवेदन लिई परीक्षामा सम्मिलित गराउने ।

एक ठाउँमा दरखास्त बुझाई अर्को ठाउँमा परीक्षा केन्द्र राखी परीक्षा दिने उम्मेदवारले (अनलाईनबाट दरखास्त दिने बाहेक) प्रवेश पत्र हराएमा रु.३००।०० दस्तुर सहित निवेदन दिएका त्यसका आधारमा अन्य प्रमाण हेरी परीक्षामा सम्मिलित गराउने ।

१५.३ किरिया बस्नु परेको वा सुत्केरी भएको अवस्थामा बाहेक अन्य अवस्थामा छुट वा अग्रीम अन्तर्वार्ता लिदा देहाय बमोजिमको दस्तुर लिने ।

| | |
|---|---|
| अधिकृत वैज्ञानिक पदको लागि | रु.३०००।०० |
| अन्य पदको लागि | रु.१०००।०० |

१५.४ पुनः उजुरीको निवेदन लिंदा निम्न बमोजिमको दस्तुर लिने ।

| | |
|---|---|
| वैज्ञानिक तथा अधिकृत पदको लागि | रु.३०००।०० |
| अन्य पदको लागि | रु.१५००।०० |